# प्राचीन तमसूक ताडपत्र

शङ्करमान राजवंशी

ने. सं. ७८५

परिचय -

मध्यपुरी हितिफुसि टोलमा बस्ने उफर्लसि भारोले ऐजन टोलमा बस्ने लंसि भारोलाई घरजग्गा बेचबिखन गरेको यो ताडपत्र हो । उक्त जग्गाको चार किल्लामा मार्गधाराको नाम परेको छ । सो जग्गा प्रमाणित गरिदिएको सिलबन्दी माटोको छाप लागेको छ । छापको वरिपरि श्रीश्री जयजगत्प्रकाश मल्ल भन्ने नाम अङ्कित छ । छापको बीचमा खड्ग चित्र र त्यसको दायाँबायाँ चन्द्र अक्षर अङ्कित छन् ।

मूल–

१) श्रेयोऽस्तु ।। सम्वत ७८५ आषादशुक्ल खस्तम्याया–न्तिथौ श्रीमध्यपुरिस्थाने हितिफुसितोलकाधिवासिन ग्राहाक लंसिङ भारोकस्य नाम्ना शकासांत स्वतोलकै वास्तव्यं धार्ण्णक उफर्लसिङ भारोकस्य नाम्नेन शुकियं शुभुज्यमानिकं गृहेमंदरे स्मिनः प्रदेशे नासिकस्य गृहेण पश्चिमतः मार्गसिमायां उत्तलतः धारारुमेण पूर्व्वत नासिकस्य गृहेण दखिणतश्चः एतमध्य हितिफुसितोल–मण्डरा

२) नयंता गृहे रामसंज्ञकं तस्य वंवा चोवान जिमनिकु १२ अंगुरिपिय ४ यंवोगोवोन ह्रसकुत्या ७ × अंगुरिखु ६ एक नाल थंन क्वारिविन सहितः तत गृहे मार्गधारा पूर्व्व स्वसिमा परिभोगं तत गृहे जथा देशकार प्रवत मानस्तथा संचान्नाधेर्ण्ण सुवर्ण्ण–मुरे मादाय क्रयविक्रयं स्वाधिनेन क्रयन विक्रयतं भवति यद्यस्यां देविक राजिक व्याघात पदेन तदा धार्ण्णकेन स्वयं

३) पलिस्व धनिमं अत पत्रार्थे दृष्टसाक्षि खपोया तेकन–सिङ भारो हाकु ख्वारभारो एद्रसिं दुवार मानसिं दुवार दंदपानि वंदे उखा दुवार दशहरि कमिनःयक रिखित कायस्थ लह्लमुनि ।। शुभ ।।

अनुवाद–

कल्याण होस् । ने. सं. ७८५ आषाड शुक्ल षष्ठी तिथिमा श्री मध्यपुरिस्थानको हितिफुसि टोलमा बस्ने ग्राहक लंसि भारोको नाममा सोही टोलमा बस्ने ऋणी उफर्लसि भारो भन्नेले आफ्नो भोगको गृहमण्डल प्रदेशमा रहेको नासिको घरदेखि पश्चिम मार्गसीमादेखि उत्तर धारा–रुमदेखि पूर्व नासिकै घरदेखि दक्षिण यति बीचको हिति–फुसि टोल मण्डलदेखि दक्षिण राम भन्नेको घरमा लम्बाइ १२ हात ४ अंगुल, चौडाइ साढेसात हात ६ अंगुल एकनाले माथि-तल-पछाडि समेत गरी त्यस घरमा मार्गधारापूर्व आफ्नो सीमासम्म भोग चलन गर्न त्यस घरको देशकाल चसन अनुसार उचित मूल्य लिएर बेचबिखन गर्ने हक

बमोजिम बेचबिखन भयो । यदि यसमा दैविक राजिक बाधा परेमा ऋणीले स्वयं व्यहोर्नुपर्छ । यस पत्रका दृष्टसाक्षी भक्तपुरका तेकनसिह भ रो, हाकुख्वार भारो, एन्द्रसि दुवार, मानसि दुवार, दण्डपानि वंदे, उखा दुवार, दशहरि कर्मीनायक लेखक कायस्थ लह्ममुनि । शुभ ।

ने. सं. ७८७

परिचय–

मध्यपुरी हितिफुसि टोलमा बस्ने हरिराम भावोले ऐजन टोलमा बस्ने गोतियार मनोभोरसि भावोलाई जग्गा बेचबिखन गरिदिएको यो ताडपत्र हो । यस जग्गाको चार किल्लामा मार्गधाराको नाम आएको छ । उक्त जग्गा प्रमाणित गरिदिएको सिलबन्दी माटोको छाप लागेको छ। उक्त छापमा वरिपरि श्रीश्रीजयजगत्प्रकाश मल्ल भनी नाम उल्लेख गरेको छ। छापको बीचमा खड्गचित्र र त्यसको दायाँ- बायाँ चन्द्र अक्षर अङ्कित छन् ।

मूल–

१) श्रीयोऽस्तु ।। सम्वत ७८७ श्यरावनशुक्ल तोतेस्वतिथ श्रीमध्येपुरिस्थाने हितिफुसितोरकाध्यवासिन ग्राहाक मनोभोरसिह भावो नेह्म वुवाकायकस्य नाम्नाशकाशान्त स्वत्वलकै वातब्यं धार्नक हरिराम भावो स्वह्म फुकिजकस्य नाम्नेन शुक्रियं स्वभुर्ज्यमानिकं गृहे वातिकाप्रदेशे ग्राहाकस्य भुमेन पश्चिमतः ग्राहा एन्द्रसिकस्य भुमेन उर्त्तरतः एन्द्रसिदेवसिनेह्मकस्य भुमेन पूर्व्वतः मूल मार्गेन दखिनतश्च एतन्मध्ये हितिफुसिटोर गृहे वातिफाराम संज्ञकं तस्य

२) वंओयोओन जिमनिकुत्या १२ × जंखाड्यओयो ओन ह्नयकु ७० अंगुरि पिय ४ वंओयो ओन जिमछकु ११ अंगुरिच्या ८ येताक्षेया कुरंषराछे दाने मजातासं दव तत गृहे वातिका मार्गधारा पुव स्वसिमापरिभोगं तत जथादेशकार प्रवस्तमान तथा संचावाधेन शुवर्नमुरे मादाय क्रयविक्रय स्त्राधिनेन क्रयन विक्रीयतं भवति यदेस्या दैविक राजिक व्याघात परेन तदा धार्नकेन स्वयं परिस्वधनियं अत पत्राथ दृष्ट साखि षयो

३) या दशवति कारो तवध्यक भारो काशिराज भारो मानसि दुवार एन्द्रसि दुवार दन्दपानि वन्दे उखा दुवार दशभरि कुर्मि सहशराम कुर्मि मान भारो रिखित कायस्थ सिद्धिसि । शुभ।।

अनुवाद–

कल्याण होस् । ने. सं. ७८७ श्रावणशुक्ल.. तिथिमा श्री मध्यपुरिस्थानमा हितिफुसि टोलमा बस्ने ग्राहक मनोहरसिह भावो दुइ बाबुछोराको नाममा सोही टोलमा बस्ने ऋणी हरिराम भावो आदि ३ जना फुकीबाट आफूले भोग चलन गरिराखेको घरवारी ग्राहकको जग्गादेखि पश्चिम ग्राहक एन्द्रसिको जग्गादेखि उत्तर एन्द्रसि देवसि २ जनाको जग्गादेखि पूर्व मूल बाटोदेखि दक्षिण यति बीचमा हितिफुसि टोलको घरवारी बगैंचा चौडाइ साढे वाह्र हात लम्बाइ ७० हात ४ अंगुल, लमाइमा ११ हात ८ अंगुल यतिभित्र घर बनाउन नपाउने त्यो वारी मार्गधारापूर्व आफ्नो सीमासम्म भोग चलन गर्ने देशकाल चलन अनुसार उचित मूल्य लिएर बेचबिखन गर्ने हक बमोजिम बेचबिखन भयो। यदि यसमा दैविक राजिक बाधा परेमा त्यसबेला ऋणीले व्यहोर्नुपर्छ। यस पत्रका दृष्टसाक्षी षयोका दशवति भारो तवध्यक भारो काशिराज भारो मानसि दुवार एन्द्रसि दुवार दण्डपाणि वंदे उखा दुवार दशभरि कुर्मी सहसराम कुर्मी मान भारो लेखक कायस्थ सिद्धिसि । शुभ ।

ने. सं. ८१०

परिचय–

ललितपुरका राजा योगनरेन्द्र मल्लले ल. पु. त्यागल ज्वालछननी बस्ने तक्षकार लक्ष्मण भारोलाई दुदु नामक घरपाताल निगाह गरिदिएको यो ताडपत्र हो। यसमा प्रमाणित गरिदिएको सिलबन्दी माटोको छाप लागेको छ। छापमा श्रीयोग नाम अङ्कित छ । साक्षी श्री बोधमल्ल कुह्मरलाई राखिएको छ। लेखक राजदैवज्ञ मोतिराज छन् ।

मूल–

१) स्वस्ति ।। श्री माणीग्लाधिपति श्रीश्री जययोगनरेन्द्र मल्लदेव प्रभु ठाकुरसन त्याग्ल ङ्वालछेननियौता दुंदु गृह निवासी ग्राहक श्रीं तक्षकार लक्ष्मन भारो नाम्ने प्रसादी कृतं तत्रैव त्याग्ल ङ्वालछेननि यौता दुंदु पाताल नाम प्रदेशे रामचन्द्र भारोस भूम्याष्पश्चि- मतः मार्गणोत्तरतः ग्राहकस्य गृहेण पूर्व्वतः कृष्णराम भारोस प्राकार ओ रामचन्द्र भारोस गृह ओ

२) द्वयो सीमाया दक्षिणतश्च एतत्मध्ये मार्गेणोत्तरप्रवेश दक्षिणाभिमुख तत्पाताल भूखा छि त्या १ × तद्भूम्यां यथा नगरकार प्रवर्तमानेन सुवर्ण्ण पुष्प मालार्घ प्रढौकृत मोहोरटंका षुय ६० आदाय स्वाधिनावर्तकं न्यायन क्रीविक्रीण प्रसादारपा जुरो अत्र पत्रार्थे दृष्ट- साक्षि श्री बोध मल्ल कुह्मरजुस सम्वत् ८१० श्रावण शुक्ल द्वितीयायान्तिथौ श्री राजदैवज्ञ मो

३) तिराजेन लिखितं एतभ्दूम्यां यथोचितमूल्य प्रढौकयित्वा सिद्धपत्रमिदं ।। शुभं ।।

अनुवाद–

कल्याण । श्री माणिग्लका अधिपति (ललितपुरका राजा) श्रीश्री जययोगनरेन्द्रमल्ल देव प्रभु ठाकुरबाट त्यागल ङ्वालछेननी पश्चिम दुंदु गृहमा बस्ने ग्राहक श्री तक्षकार लक्ष्मण भारोको नाममा निगाह भएको त्यही त्यागल ङ्वालछेननीको दुंदुपाताल भन्ने ठाउँमा रामचन्द्र भारोको जग्गादेखि पश्चिम बाटोदेखि उत्तर ग्राहकको घरदेखि पूर्व कृष्णराम भारोको परखाल र राम- चन्द्र भारोको घर दुइ सीमानादेखि दक्षिण यस बीचमा बाटोदेखि उत्तर प्रवेश गर्ने दक्षिणाभिमुख त्यस पाताल भूमिको घर साढे एक खा त्यस भूखा देशकालको चलन अनुसार सुनको भाउ बमोजिम उचित मूल्य चढाएको मोहर टंका ६० लिएर आफ्नो हक न्याय बमोजिम बेचबिखन निगाह भयो । यस पत्रका दृष्टसाक्षी बोधमल्ल कुह्मार ने. सं. ८१० श्रावणशुक्ल द्वितीया तिथिमा राजदैवज्ञ मोतीराजले लेखेको यस भूमिमा उचित मूल्य चढाएर पास गरेको पत्र हो शुभम्

ने. सं. ८१२

परिचय–

भक्तपुरका राजा जयजितामित्रमल्लले मध्यपुरी हितिफुसि टोलमा बस्ने मनोहर्लसिलाई खेत निगाह गरि- दिएको यो ताडपत्र हो । उक्त खेतको नाम तचहलिवु भनिएको छ । सो खेत राजक्षेत्रके आसपासको भन्ने कुरा दिइएको चार किल्लाबाट देखिन्छ । यस पत्रमा साक्षी राजमाता पद्मावती देवी पनि छन् । यस पत्रलाई प्रमाणित गरिदिएको सीलबन्दी माटोको छाप लागेको छ । उक्त छापको बीचमा खड्गचिह्न र त्यसको अगल-बगलमा श्रीश्री जयजितामित्रमल्ल नाम अङ्कित छन् ।

मूल–

१) स्वस्ति ।। श्रीश्री सुमतिजयजितामित्रमल्लदेव प्रभु ठाकुलशन प्रशादालपा स्थानस्य उत्तल दीश प्रदेस्यः श्रीश्री राजकुल क्षेत्रेण पश्चिमतः उत्तलतः पूर्व्वतः दक्षिणतश्च एतन्मध्ये धरामालवुक्षेत्रनामसंज्ञकं तस्य क्षत्राङ्क एकरोपनिकं रोवछि १ भुय श्रीश्री राजक्षत्रेन पश्चिमतः चितुकस्य क्षत्रेण उत्तलतः श्रीश्री राजक्षत्रण पूर्श्वतः

२) दक्षिणतश्च एतन्मध्ये तचहुलिवुत्रिकर्खनिकं कर्खश्च ३ भुय श्रीश्री राजक्षेत्रेण पश्चिमतः उत्तलतः पूर्व्वतः दक्षिणतश्च एतन्मध्ये कलिवंवु कर्खश्च ३ तत क्षत्र यथा देशकाल प्रवत्तमानस्तथा संचारार्घेन सुवर्णपुष्पमा रार्घ प्रढौकितमादाय क्रयविक्रय स्वाधिनेन क्रयन विक्रीयतं भवति श्री मध्येपुलि······ तिफुसिटोल गृहा धिवासि

३) मनहोलसिं ध्वज्य नम्नेन प्रशादीकृतं अल पत्रार्थ दृष्ट- साक्षि माता श्रीश्री पद्मावतिदेवी प्रमान भागिराम भारो लिखित कायस्थ सूर्य्यसिंह ।। सम्वत् ८१२ कात्तिकशुदी द्वादश्यां तिथौ शुभः ।।

अनुवाद–

कल्याण होस् । श्रीश्री सुमति जयजितामित्रमल्ल–

देव प्रभु ठाकुरबाट निगाह भएको स्थानदेखि उत्तरतिर श्रीश्री राजकुल क्षेत्रदेखि पश्चिम, उत्तर, पूर्व, दक्षिण यस बीचमा पन धरामालवृक्षेत्र नामको खेत रोपनी १ फेरि राजक्षेत्रदेखि पश्चिम चितुको क्षेत्रदेखि उत्तर श्रीराजक्षेत्रदेखि पूर्व दक्षिण यस बीचमा पर्ने तचहलिखेत ३ कर्ष फे.र श्रीराजक्षेत्रदेखि पश्चिम, उत्तर, पूर्व, दक्षिण यस बीचको कलिवं खेत कर्ष ३ सो खेत देशकालको चलन अनुसार सुनको भाउ अनुसार चढाएको उचित दस्तूर लिएर बेचबिखनको हक अनुसार बेचबिखन भयो। श्री मध्यपुरि हितिफुसि टोलको घरमा बस्ने मनहोलसिं ध्वज्युको नाममा निगाह भयो। यस पत्रका दृष्टसाक्षी माता श्रीश्री पद्मावतीदेवी प्रमान भागिराम भारो लेखक कायस्थ सूर्यसिंह। ने. सं. ८१२ कार्तिकशुदि द्वादशी तिथि शुभ:।

ने. सं. ८१७

परिचय–

भक्तपुर इलाका मध्यपुरी हितिफुसि टोलमा बस्ने देवमान भावोले ऐजन टोलमा बस्ने मनहोलसिं ध्वमज्ये-लाई दहवु नामक खेत बेचबिखन गरिदिएको यो ताडपत्र हो। यस पत्रमा दिइएको चार किल्लामा धलसीमा भन्ने ठाउँको नाम पनि परेको छ। यहाँ साक्षी बस्नेहरूमा दुवाल वुंभडि भावो कायस्थ जाति छन्। यस पत्रमा सीलबन्दी माटोको छाप छैन। सो छ.प फुटेर हराइसकेको छ।

मूल–

१) श्रेयोऽस्तु ।। सम्वत ८१७ श्रावणशुक्ल अस्तम्यायान्तिथौ श्री मध्यपुरिस्थाने हितिफुसितोलकाधिवासिन ग्राहाक मनहोलसिं ध्वमज्ये नेह्म वुवा काय कस्य नाम्ना सकाशात: स्वत्वलदाकै वास्तव्यं धार्ण्णक देवमान भावकस्य नाम्नेण शुक्रियं शुभुज्यमानिकं थानस्य वामिवे दिश प्रदेशे नवमिसिंकस्य क्षेत्रेन पश्चिमत: धलसिमायां उत्तलत:

२) ग्राह्राकस्य क्षेत्रेन पूर्व्वत: दषिनतश्च एतमध्य दहवु क्षेत्र नाम संज्ञकं तस्य क्षेत्राङ्क तिनिकर्ष स्व ३ नैलते दिश व्वाकन सहित: तत क्षेत्र यथा देशकाल प्रवर्तमानशस्तथा संचाराघेर्ण्ण शुवर्ण्ण मुरेमादाय कृय विक्लियस्वाधिनेण क्रियन विक्रियतं भवति यद्यस्या देविकराजिक व्याघात परेन तदा धार्नकेन स्वयं परिस्वधनियं अत्र पत्राथे दृष्ट

३) साक्षी देविसिं दुवार मधुकलसिंह दुवाल उखा दुवाल छत्रसिंह दुवाल शिवहरि दुवाल शुखिकस्त वुभंदि देवराम वुभंदि सिवराम वुभंदिर दायित यद राम भावो रिखित कायस्थ दल ।। शुभ ।।

अनुवाद–

कल्याण होस्। ने. सं. ८१७ श्रावणशुक्ल अष्टमी तिथिमा मध्यपुरिस्थानमा हितिफुसि टोलमा बस्ने ग्राहक मनहोलसिं ध्वंज्ये दुइ बाबुछोराको नाममा सोही टोलमा बस्ने ऋणी देवमान भावोबाट आफ्नो भोगको थानदेखि वायव्य दिशातिर नवमीसिंको खेतदेखि पश्चिम धलसीमा–देखि उत्तर ग्राहकको खेतदेखि पूर्व दक्षिण यस बीचको दहवु नामको खेत कर्ष ३ त्यस दिशाको डचाङ समेत त्यस खेतको देशकालको चलन अनुसार उचित मूल्य लिएर बेचबिखन गर्ने हक बमोजिम बेचबिखन भयो। यदि यसमा दैविक राजिक बाधा परेमा त्यसबेला ऋणीले स्वयं व्यहोर्नुपर्छ। यस पत्रका दृष्टसाक्षी देवीसिं दुवाल मधुकलसिं दुवाल उखा दुवाल छत्रसिंह दुवाल शिवहरि दुवाल शुखिकस्त वुंभंदि देवराम वुंभंदि शिवराम वुंभंदिर दायित यदराम भावो, लेखक कायस्थ दल। शुभ।

ने. सं. ८३१

परिचय–

भक्तपुरका राजा भूपतीन्द्र मल्लले मध्यपुरी हिति-फुसि टोलमा बस्ने मनधर भन्नेलाई लाडोलवोहारिक्षेत्र नामक खेत निगाह गरिदिएको यो ताडपत्र हो। यस पत्रमा प्रमाणित गरिदिएको सीलबन्दी माटोको छाप लागेको छ। उक्त छापको बीचमा त्रिशूलचित्र र त्यसको अगलबगलमा श्रीश्री भूपतीन्द्रमल्ल नाम अङ्कित गरिएको छ। साक्षी बस्नेहरूमा राजमाता लालमती र अरू प्रधानाङ्ग तथा लेखक दैवज्ञ छन्।

मूल–

१) स्वस्ति ॥ श्रीश्री जय भूपतीन्द्र मल्लदेवप्रभु थाकुलसन प्रसादालगा स्थानस्य पश्चिमदिश प्रदेशे मार्गात्पश्चिमतः उत्तरतः ग्राहकस्य क्षेत्रात्पूर्व्वतः मार्गाद्दक्षिणतश्च एतन्मध्य लादोल वोहारि क्षत्र संज्ञकं तत्क्षत्राङ्क एकरोपणिकं रोव छि १ ततः

२) क्षत्र यथा देशकाल प्रवर्त्तमाणस्तथा संचारार्घेण सुवर्ण्ण पुष्पमालार्घ प्रढौकिक मादाय क्रयविक्रय स्वाधिनेन क्रयेण विक्रीयतं भवति ॥ श्रीमध्यपुरि स्थाने हितिफुसटोल गृहाधिवासिन मनधरनाम्ने प्रसादिकृतं अत्र पत्रार्थे दृष्टसाक्षि माता श्री

३) श्रीलालमतीदेवी प्रधानाङ्ग हाकु लिखिति दैवज्ञ वालकृष्णः ॥ सं. ८३१ ज्येष्ठवदि ५ शुभं ॥

अनुवाद–

कल्याण । श्रीश्री जय भूपतीन्द्रमल्लदेव प्रभु ठाकुल-बाट निगाह भएको स्थानदेखि पश्चिम प्रदेशमा बाटोदेखि पश्चिम उत्तर ग्राहकको खेतदेखि पूर्व बाटोदेखि दक्षिण यस बीचको लादोलवोहारिक्षेत्र नाम भएको खेत रोपनी १ त्यस खेतको देशकाल चलन अनुसार चढाएको सुनको भाउ बमोजिम दस्तूर लिएर बेचबिखन गर्ने हक अनुसार बेच-बिखन भयो । श्री मध्यपुरि स्थानमा हितिफुसि टोलमा बस्ने मनधर भन्नेलाई निगाह भयो । यस पत्रका दृष्टसाक्षी माता श्रीश्री लालमतीदेवी प्रधानाङ्ग हाकु लेखक दैवज्ञ वालकृष्णः । ने. सं. ८३१ ज्येष्ठवदि ५ शुभम् ।